# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७४।१०।१५ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

-----------------------------------------------

आन्तरिक राजस्व विभागका तत्कालिन महानिर्देशक सह-सचिव चुडामणी शर्माले सार्वजनिक सेवामा प्रवेश गरे पश्चात मिति २०७३ मंसिर मसान्तसम्मको जाँच अवधिका बिभिन्न वर्षहरुमा निजले आफ्नो तथा आफ्नो परिवारका सदस्यहरुको नाममा खरिद एवं लगानी गरेको चल अचल सम्पत्तीहरुका सम्बन्धमा संकलित तथ्य प्रमाणहरु उपर छानविन एंव बिश्लेषण गरी हेर्दा निजले जाँच अवधिमा रु. ३,६३,७२,९६१/- आय आर्जन गरेको देखियो भने सोही अवधिमा चल अचल सम्पत्ति सृजना एवं शेयर लगानी लगायतका शिर्षकहरुमा समेत गरी रु.७,९३,२७,०८५/- खर्च गरेको देखिंदा वैध आय रु. ३,६३,७२,९६१/- को तुलनामा रु.४,२९,५४,१२४/- (चार करोड उनान्तीस लाख चवन्न हजार एक सय चौवीस) बराबरको सम्पत्तीको स्रोत नखुलेको पाइएबाट निजको सम्पत्ति विवरण अमिल्दो र अस्वभाविक देखिन आयो ।निज चुडामणी शर्मा र निजको परिवारले अमिल्दो र अस्वभाविक उच्च जीवनस्तर यापन गरी आफ्नो हैसियत भन्दा बढी रकम आफ्नो र श्रीमती तथा छोराहरुको नाममा विभिन्न बैंक तथा वित्तिय संस्थाहरुमा मौज्दात देखिएको, बिभिन्न बित्तिय संस्थाहरु तथा प्रा.लि. एवं कम्पनिहरुका शेयर खरिद तथा लगानी गरेको, सवारी साधन खरिद एवं घर निर्माण तथा जग्गा लगायतका चल अचल सम्पत्तिहरु खरिद गरेको देखिन आएको छ । वैध आयको तुलनामा स्रोत खुल्न नसकेको रु. ४,२९,५४,१२४/- (चार करोड उनान्तीस लाख चवन्न हजार एक सय चौवीस ) निजले राष्ट्रसेवक भए पश्चात के कस्तो स्रोतबाट सम्पत्ति आर्जन गरेको हो भन्ने कुराको स्रोत पुष्टी गर्न नसकेबाट गैर कानूनी रुपमा सम्पत्ति आर्जन गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) बमोजिमको कसुर गरेको देखिन आएकोले निज चुडामणि शर्मा उपर उपर बिगो रु. ४,२९,५४,१२४/- (चार करोड उनान्तीस लाख चवन्न हजार एक सय चौवीस) कायम गरी साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५, दफा १६ग, तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम बिगो बमोजिम जरिवाना र कैद सजायको साथै निजले स्रोत पुष्टी गर्न नसकेको एवं भ्रष्टाचार गरी गैरकानूनी रुपमा आर्जन गरेको सम्पत्तिको बिगो रु. ४,२९,५४,१२४/-(चार करोड उनान्तीस लाख चवन्न हजार एक सय चौवीस) साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग, दफा २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२), दफा ४७ तथा

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत समेत गरी पाउन मागदावी लिई मिति २०७४/१०/१५ गते विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

यसका अतिरिक्त निज चुडामणी शर्माले सार्वजनिक सेवाको पदमा रहेर गैर कानूनी रुपमा आर्जन गरी, स्रोत पुष्टी हुन नसकेको सम्पत्तिहरू निजको श्रीमती कल्पना उप्रती शर्माको नाममा राखेको तथा लुकाए-छिपाएको देखिएको हुँदा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६ग तथा दफा २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम जफत गरी पाउन मागदाबी लिएको र सो चल अचल सम्पत्तिहरू जफत गर्ने प्रयोजनको लागि निज कल्पना उप्रेती शर्मालाई समेत प्रतिवादी कायम गरी मिति २०७४/१०/१५ विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(पदमप्रसाद पाण्डेय)
सहन्यायाधिवक्ता एवं प्रवक्ता